**बैठक संख्याः** ४-२०८३/८४
**बैठक मितिः** २०८३/६/२८, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/६/२८ गते (ने.सं. ११४६, कौलाथ्व ४) बुधबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित उपस्थितिः** | | | |
| १ | श्री अनिस काफ्ले | वरिष्ठ शाखा अधिकृत | |
| २ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ४ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |

बैठक संख्याः ४-२०८३/८४
बैठक मितिः २०८३/६/२८, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**प्रस्तावहरुः**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. अख्तियारी अनुमोदन सम्बन्धमा ।
३. योजनाको म्याद थप सम्बन्धमा ।
४. शिक्षक बैङ्क सम्बन्धी कार्यविधि मस्यौदा उपसमिति गठन गर्ने सम्बन्धमा ।
५. शुभकामना सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) माथि छलफल गर्दा सम्मानित सर्वोच्च अदालतको मिति २०८३ साल आषाढ ३१ गतेको रिट नं. ०८२-WO-१६५३, मुद्दाः परामादेशसमेत, निवेदकः नेपाल आदिवासी याक्खा सङ्घ, केन्द्रीय कार्यालय, काठमाडौंको तर्फबाट अख्तियार प्राप्त केन्द्रीय अध्यक्ष जितेन्द्रकुमार देवान कोङरेन विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंलगायत यस नगरपालिकालाई समेत प्रत्यर्थी बनाइएको मुद्दामा भएको आदेश यस नगरपालिकामा मिति २०८३/६/५ मा तामेली भई बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ पेश गर्नुपर्नेमा सोको अख्तियारी यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश गुरुङ्गलाई मिति २०८३/६/१२ को पत्रमार्फत् दिइएकोमा सोको अनुमोदन गर्ने ।

३. प्रस्ताव नं. (३) माथि छलफल गर्दा नगरपालिकाको गत आर्थिक वर्षबाट क्रमागत रूपमा कार्यान्वयनमा रहेका तथा चालु आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत क्रमशः कार्यान्वयनका चरणमा रहेका देहायका योजनाहरूका ठेक्काहरुबमोजिम निर्माण कार्य हुँदै आएको अवस्थामा निरन्तर वर्षात तथा अन्य प्राकृतिक कारणले निर्माण कार्य निरन्तर अगाडी बढाई समयमै निर्माण कार्य सम्पन्न गर्न कठिनाई भएको भनी निर्माण व्यवसायीले म्याद थपका लागि यस कार्यालयमा निवेदन पेस गरेको हुँदा "*सार्वजनिक खरिद ऐन, २०६३*" को दफा ५६ तथा "*सार्वजनिक खरिद नियमावली, २०६४*"को नियम १२० को उपनियम (१) र (२) अनुसार देहायमा उल्लिखित समयावधिसम्म म्याद थप गर्ने ।

बैठक संख्याः ४-२०८३/८४
बैठक मितिः २०८३/६/२८, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

| क.सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न हुनुपर्ने मिति | पहिलो पटक म्याद थप | निवेदन दिएको मिति/दर्ता नं. | यो पटक म्याद थप गरिएको मिति | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | याख्खा चौक बिहिबारे सडक निर्माण | DDM/NCB/W/05/2082-83 | जुबिन माम्लिङ्ग जे.भि., धर्मदेवी-४, सङ्खुवासभा | २०८२/१०/१५ | २०८३/३/१५ | २०८३/५/३१ सम्म | २०८३/५/५ / ४२३ | २०८३/६/1 देखि २०८३/८/३० सम्म | वर्षातको कारण निर्माण स्थलमा आवतजावत, निर्माण सामाग्री ढुवानी, उपकरण तथा जनशक्तिको परिचालन तथा निर्माण कार्य सञ्चालनमा प्रत्यक्ष असर |
| २ | वडा नं. ६ को प्रशासनिक भवन निर्माण (क्रमागत) | DDM/NCB/W/07/2082-83 | सेक्नेपेदेन बिल्डर्स प्रा.लि., भोटखोला सङ्खुवासभा | २०८३/२/२० | २०८३/६/३० | नभएको | २०८३/६/७ / ७०३ | २०८३/६/३1 देखि २०८३/८/३० सम्म | वर्षातको कारण निर्माण स्थलमा आवतजावत, निर्माण सामाग्री ढुवानी, उपकरण तथा जनशक्तिको परिचालन तथा निर्माण कार्य सञ्चालनमा प्रत्यक्ष असर |
| ३ | धर्मदेवी नगरपालिकाको केन्द्र, मुढे- साउनेपानी- भालुढुङ्गा शहरी स्वास्थ्य केन्द्र- बिहिबारे बजार- आँखिभुई स्वास्थ्य चौकी- वडा नं. ७ र ८ को वडा केन्द्र- अरुणोदय आ.वि. हुँदै केवावेशी जोड्ने सडक | DDM/NCB/W/02/2082-83 | जित निर्माण सेवा, गोकर्णेश्वर, काठमाण्डौ | २०८२/९/१७ | २०८३/३/१५ | नभएको | २०८३/२/२५ / ३०७३ | २०८३/३/१६ देखि २०८३/९/३० सम्म | वर्षातको कारण निर्माण स्थलमा आवतजावत, निर्माण सामाग्री ढुवानी, उपकरण तथा जनशक्तिको परिचालन तथा निर्माण कार्य सञ्चालनमा प्रत्यक्ष असर साथै समयमा बजेट स्रोत सुनिश्चित नभएको । |
| ४ | प्रशासनिक भवन जाने बाटो निर्माण | DDM/NCB/W/06/2082-83 | इष्ट बि.एन. कन्स्ट्रक्सन प्रा.लि. छथर जोरपाटी, धनकुटा | २०८३/२/१३ | २०८३/६/३० | नभएको | २०८३/६/६ / ६५४ | २०८३/६/३1 देखि २०८३/९/३० सम्म | वर्षातको कारण निर्माण स्थलमा आवतजावत, निर्माण सामाग्री ढुवानी, उपकरण तथा जनशक्तिको परिचालन तथा निर्माण कार्य सञ्चालनमा प्रत्यक्ष असर |

४. प्रस्ताव नं. (४) माथि छलफल गर्दा नगरपालिकाको शिक्षक जनशक्ति पदपूर्ति व्यवस्थापनलाई थप सहजीकरण गर्न सङ्घीय शिक्षक बैङ्क स्थापना एवं परिचालनसम्बन्धी अवधारणपत्रको मर्मबमोजिम "*धर्मदेवी नगरपालिका शिक्षक बैङ्क स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३*" को प्रारम्भिक मस्यौदा निर्माण गरी कानूनी प्रक्रियाबमोजिम आगामी नगर कार्यपालिकामा पेश गर्ने गरी देहाय बमोजिमको अध्ययन तथा मस्यौदा निर्माण उपसमिति गठन गर्ने ।

**अध्ययन तथा मस्यौदा निर्माण उपसमिति**

| क्र.सं. | नाम | भूमिका |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २ | शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा | - सदस्य |
| ३ | शाखा प्रमुख, सञ्चार, सूचना प्रविधि, स्थानीय तथ्याङ्क तथा अभिलेख शाखा | - सदस्य |
| ४ | प्राविधिक सहायक, शिक्षा, युवा तथा खेलकुद शाखा | - सदस्य सचिव |

५. प्रस्ताव नं. (५) माथि छलफल गर्दा वि.सं. २०८३ सालको नेपालीहरूको महान् चाड बडा दशैं, शुभदीपावली (तिहार) तथा छठ पर्वको पावन अवसरमा धर्मदेवी नगरपालिकाका सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै, मौलिक कला, संस्कृति, परम्परा तथा सामाजिक सद्भावको संरक्षण र प्रवर्द्धन गर्न, आपसी भाइचारा, सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न तथा चाडपर्वहरूलाई मितव्ययी, मर्यादित, सुरक्षित र शान्तिपूर्ण रूपमा मनाउन सम्पूर्ण नगरवासीमा हार्दिक अनुरोधसहित नगरपालिकाको तर्फबाट शुभकामना सन्देश तयार गरी आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल तथा स्थानीय सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण गर्नका लागि नगरपालिकालाई निर्देशन दिने ।